# देवचुली नगरपालिका

# स्थानीय राजपत्र


खण्डः७ संख्याः१

स्थानीय राजपत्रमा प्रकाशित मितिः२०८१/०७/२५

कार्यपालिकाबाट स्वीकृत मितिः२०८१/०५/१३


**भाग २**

## देवचुली नगरपालिका नगर प्रहरी नियमावली, २०८१

### परिच्छेद -१

### प्रारम्भिक

देवचुली नगरपालिकाको नगर प्रहरी ऐन, २०८१ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी देवचुली नगर कार्यपालिकाले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम "देवचुली नगरपालिका नगर प्रहरी नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली देवचुली नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

देवचुली नगरपालिका राजपत्र

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

क. "नगर प्रहरी" भन्नाले देवचुली नगरपालिकाबाट यस नियमावली बमोजिम नियुक्त भएका नगर प्रहरीलाई सम्झनु पर्दछ।

ख. "नगर प्रहरी सहायक निरीक्षक" भन्नाले देवचुली नगरपालिकाबाट यस नियमावली बमोजिम नियुक्ति भएका नगर प्रहरी प्रमुखलाई सम्झनु पर्दछ।

ग. "नगर प्रहरी हवल्दार" भन्नाले देवचुली नगरपालिकाबाट यस नियमावली बमोजिम नियुक्ति भएका नगर प्रहरी हवल्दारलाई सम्झनु पर्दछ।

घ. "प्रहरी जवान" भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवान सम्झनु पर्दछ।

३. **खुल्ला प्रक्रियाद्वारा पदपूर्ति हुने पदको आवश्यक योग्यताः** (१) प्रहरी सहायक निरिक्षक र हवल्दार पदपूर्ति गर्दा नेपाल सरकारको नेपाल प्रहरी, शशस्त्र प्रहरी, नेपालि सेना वा अन्य मुलुकका सेनाबाट कम्तिमा सात वर्ष सेवा गरी सेवा निवृत्त/स्वच्छिक अवकाश भई ४५ वर्ष नाघेका व्यक्तिहरुबाट खुला प्रतिष्पर्धा गराई पदपूर्ति गरिनेछ। यसरी पदपूर्ति गर्न दरखास्त आह्वान गर्दा पनि पदपूर्ति हुन नसकेमा खुला प्रतिष्पर्धा द्वारा पदपूर्ति गर्न बाधा पर्ने छैन।

(२) ऐनको दफा ८ बमोजिम खुला प्रतियोगिता द्वारा तपशिल बमोजिमका पदहरुमा नियुक्तिका लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछ।

(क) नगर प्रहरी सहायक निरीक्षक पदको देहाय अनुसार हुनेछ।

(१) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भई २४ वर्ष ननाघेको। तर, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नेपाली सेना वा अन्य मुलुकको सेनामा कम्तिमा ७ वर्षको अनुभव प्राप्त गरेको उमेद्धवारको हकमा ४५ वर्ष ननाघेको,

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको तर नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नेपाली सेना वा अन्य मुलुकको सेनाबाट अवाकाशको हकमा यो लागु हुने छैन,

(३) नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल आर्मी लगायतको सुरक्षा निकायमा समान पदमा कम्तिमा २ बर्ष अनुभव प्राप्त गरेको,

(४) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(५) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३ ईन्च, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको,

(६) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(७) नेपाली नागरिकताको प्रमाण पत्र भएको,

(८) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(९) आतंककारी संगठनको सदस्य नरहेको,

(१०) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको।

(ख) नगर प्रहरी हवलदारमा खुला प्रक्रियाद्वारा पदपूर्ति गर्दा आवश्यक पर्ने योग्यता देहाय अनुसार हुनेछ।

(१) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भई २४ वर्ष ननाघेको।तर, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नेपाली सेनामा वा अन्य मुलुकको सेनामा अनुभव प्राप्त गरेको उमेद्धवारको हकमा ४५ वर्ष ननाघेको,

(२) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट १० कक्षा वा सो सरह उत्तीर्ण गरेको तर, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नेपाली सेना वा अन्य मुलुकको सेनाबाट अवकाशको हकमा यो लागु हुनेछैन,

(३) नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल आर्मी लगायतको सुरक्षा निकायमा समान पदमा कम्तिमा ५ बर्ष अनुभव प्राप्त गरेको,

(४) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(५) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३ ईन्च, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी.,

(६) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(७) नेपाली नागरिकताको प्रमाण पत्र भएको,

(८) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(९) आतंककारी संगठनको सदस्य नरहेको,

(१०) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको।

(ग) नगर प्रहरी जवानमा खुला प्रक्रियाद्वारा पदपूर्ति गर्दा आवश्यक पर्ने योग्यता देहाय अनुसार हुनेछ।

(१) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भई २४ वर्ष ननाघेको,

(२) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ वा सो सरह उत्तीर्ण गरेको,

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(४) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३ ईन्च, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी.,

(५) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(६) नेपाली नागरिकताको प्रमाण पत्र भएको,

(७) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(८) आतंककारी संगठनको सदस्य नरहेको,

(९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको।

४. **पुरुष र महिलाको अनुपातः** (१) ऐन को दफा ८ बमोजिम नगर प्रहरीमा रहने पुरुष र महिलाको अनुपात देहाय बमोजिम हुनेछ।

(क) नगर प्रहरी हवल्दारका लागि रहेको दुई वटा पद मध्ये एउटा पद पुरुष को लागि र अर्को एउटा पद महिलाको लागि हुनेछ।

(ख) नगर प्रहरी जवानका लागि रहेका ६ ओटा पद मध्ये ४ ओटा पद पुरुषको लागि र २ वटा पद महिलाको लागि हुनेछ।

५. **सेवा सर्त सुविधाः** (१) ऐनको दफा ३ को उपदफा २ बमोजिम प्रहरी कर्मचारीको पारिश्रमिक देहाय बमोजिम हुनेछ।

(क) प्रहरी जवानको तलब सहायक स्तर प्रथम तहका लागि प्रदान गर्ने पारिश्रमिक सरह हुनेछ।

(ख) प्रहरी हवल्दारको तलब सहायक स्तर तृतीय तहका लागि प्रदान गर्ने पारिश्रमिक सरह हुनेछ।

(ग) प्रहरी सहायक निरीक्षकको तलब सहायक स्तर चौथो पदका लागि प्रदान गर्ने पारिश्रमिक सरह हुनेछ।

(घ) प्रहरी कर्मचारीको अन्य सेवा सर्त सुविधा ऐन, नियमावली वा करार सम्झौतामा उल्लेख भए बमोजिम र कार्यपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ।

६. **नगर प्रहरीको पोशाक सम्बन्धी व्यवस्थाः** प्रहरी कर्मचारीको पोशाक हल्का हरियो (Light Green) रङ्गको हुनेछ। वार्षिक रुपमा उपलब्ध गराईने पोशाक सिजन अनुसार अनुसूची १ मा व्यवस्था भए बमोजिम हुनेछ।

७. **नगर प्रहरीको रासन सम्बन्धी व्यवस्थाः** प्रहरी कर्मचारीलाई कार्यालय समय तोकी सिफ्ट प्रणालीमा सेवा लगाउदा राशन सुबिधा उपलब्ध गराइने छैन। यदि कार्यलयलाई आवश्यकता भई कार्यालयमै आवासीय रुपमा सेवा लिन आवश्यक भएमा कार्यपालिकाले निर्णय गरी रासन सहित बन्दोबस्त हुनेगरी सेवामा लगाउन सक्नेछ।

**८. नगर प्रहरीको छनौट सम्बन्धी व्यवस्थाः** (१) खुला प्रतिष्पर्धाबाट नगर प्रहरी छनौट गर्न देहायको अंकभार रहनेछ।

क) शारीरिक परिक्षण ५० अंक

ख) लिखित परीक्षा ५० अंक

ग) अन्तर्वार्ता ४० अंक

घ) स्थानीय बासिन्दा (देवचुली न.पा.) १० अंक

(२) शारीरिक परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई मात्र लिखित परीक्षामा सामेल गराईनेछ।

**९. सूचना प्रकाशन सम्बन्धी व्यवस्थाः** (१) नगर प्रहरीको खुला पदपूर्तिका लागि राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा १५ दिनको समय दिई सूचना प्रकाशन गर्नुपर्नेछ।

तर, नगर कार्यपालिकाले निर्णय गरी पहिलो पटकका लागि सुरक्षा निकायमा कार्य अनुभव भएकाहरु बीच मात्र प्रतिष्पर्धा गराई पदपूर्ति गर्ने गरी सूचना प्रकाशन गर्न सक्नेछ।

(२) प्रहरी कर्मचारीमा दरखास्त दिने उम्मेदवारले देवचुली नगरपालिकाको करारमा प्राविधिक जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची ३ बमोजिमको ढाँचामा दरखास्त पेश गर्नुपर्नेछ।दरखास्त दस्तुर देहाय बमोजिम हुनेछ।

क) प्रहरी जवानका लागि रु. २००।-

ख) प्रहरी हवल्दारका लागि रु. ३००।-

ग) सहायक निरीक्षकका लागी रु. ४००।—

अनुसूची १

(नियम ६ सँग सम्बन्धित )

१) वार्षिक रुपमा पाउने पोशाक सुबिधा (प्रति प्रहरी कर्मचारी)

- टोपी ( छाते) - २ थान
- रेनकोट - १ सेट
- भेष्ट - २ थान
- टि. सर्ट - २ थान
- जुत्ता ( कालो रङ्ग बुट ) - २ जोर
- पाईन्ट - २ जोर
- कमिज - २ जोर
- मोजा - ४ जोर
- ज्याकेट (जाडो यामको लागि)- १ थान
- छाता - १ थान
- पञ्जा - २ जोर
- वेल्ट - १ थान
- आवश्यकता अनुसार अन्य बन्दोबस्तीका सामाग्रीहरु

देवचुली नगरपालिका राजपत्र

अनुसूची २

(नियम ९ को उपनियम २ सँग सम्बन्धित )

**( दरखास्त फारामको ढाँचा)**

**देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय**

**प्रगतिनगर नवलपरासी (ब.सु.पु.)**

**गण्डकी प्रदेश नेपाल**

हालसालै खिचिएको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने ।

## करारको लागि दरखास्त फाराम

**(क) वैयक्तिक विवरण**

| | | | |
|---|---|---|---|
| **नाम थर** | (देवनागरीमा) | | |
| | (अंग्रेजी ठूलो अक्षरमा) | | |
| | नागरिकता नं: | जारी गर्ने जिल्ला: | जारी मिति: |
| स्थायी ठेगाना | क) जिल्ला: | ख) न.पा. /गा.पा.: | ग) वडा नं.: |
| | घ) टोल: | ङ) मार्ग/घर नं.: | च) फोन नं.: |
| पत्राचार गर्ने ठेगाना: | | इमेल: | |
| बाबुको नाम, थर: | | जन्ममिति: (वि.सं) : | (इ.सं) : |
| आमाको नाम, थर: | | | |
| बाजेको नाम, थर: | | हालको उमेर : वर्ष : | महिना : |

**(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)**

| **आवश्यक न्यूनतम योग्यता** | **विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था** | **शैक्षिक उपाधि/तालिम** | **संकाय** | **श्रेणी/प्रतिशत** | **मूल विषय** |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| तालिम | | | | | |
| | | | | | |

**(ग) अनुभव सम्बन्धी विवरण**

| **कार्यालय** | **पद** | **सेवा/समूह/उपसमूह** | **श्रेणी/तह** | **स्थायी/अस्थायी/करार** | **अवधि** | |
|---|---|---|---|---|---|---|
| | | | | | **देखि** | **सम्म** |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पलना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सहीछाप</td><td colspan="2" rowspan="3">उम्मेदवारको दस्तखत :</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td rowspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td colspan="2">मितिः</td></tr>
<tr><td colspan="4">कार्यालयले भर्ने:</td></tr>
<tr><td colspan="3">रसिद/भौचर नं.:</td><td>रोल नं.:</td></tr>
<tr><td colspan="4">दरखास्त अस्वीकृत भए सो को कारण :</td></tr>
<tr><td colspan="3">दरखास्त रुजु गर्नेको नाम र दस्तखत :<br>मिति :</td><td>दरखास्त स्वीकृत गर्नेको दस्तखत :<br>मिति :</td></tr>
</table>

**द्रष्टव्य** : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु ऋनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

आज्ञाले
मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका राजपत्र